**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**मानीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं.१९६

पुनरावेदन नं. ०७५-RB-००९७

पुनरावेदन दर्ता मितिः- २०७५।०७।१४

मुद्दाः- **अग्रिम कर (२०७०/०७१)।**

| | |
|---|---|
| ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.४, नख्खुमा कर्पोरेट कार्यालय रहेको एनसेल प्रा.लि.को तर्फबाट ऐ.का अधिकार प्राप्त कानून, संस्थागत सरकारी तथा नियामक मामिला निर्देशक भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका वडा नं. १ बस्ने बर्ष ४२ को रमेश घिमिरे र ऐ. का अधिकार प्राप्त कम्पनी सचिव निशिका शर्मा......................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर.......................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय :- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मिति :- २०७५।०२।३१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शरद प्रसाद कोइराला र श्री महेश कुमार थापा तथा अधिवक्ताहरू श्री कैलाश न्यौपाने, श्री निरज श्रेष्ठ,श्री मञ्जु बुढाथोकी र श्री सविन शम्शेर ज.ब.राणा

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री प्रकाश ज्ञवाली

<u>अवलम्वित नजिर : ×</u>

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०२।३१ मा भएको अग्रिम कर कट्टीको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत करदाताको तर्फवाट यो पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका दुर सञ्चार सेवाको कारोवार गर्ने करदाता श्री एनसेल प्रा.लि.ले आर्थिक वर्ष २०७०/०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार आय विवरण ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०६।३० मा पेश गरेको।

२. श्री एनसेल प्रा.लि.को आर्थिक वर्ष २०७०/०७१ को पुर्ण कर परीक्षणको सिलसिलामा करदाताको खर्च भुक्तानी विवरण तथा वित्तीय विवरण समेतको प्रमाणहरूको छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट निज करदाताको आ.ब. २०७०/०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९०(८) रू.१,७४,६८,१८३।- अग्रिम कर माग गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०२।०८ मा च.नं.१०३९६ को पत्रबाट सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०२।०८ मा जारी भएको सूचना करदाताले मिति २०७५।०२।०९ मा बुझी लिई सोको जवाफ करदाताले मिति २०७५।०२।२३ मा पेश गरेको।

४. यसमा दाखिला गर्न बाँकी अग्रिम कर रकम रू.४५,६२,६७०।- मा आयकर ऐनको दफा १२०(क) अनुसारको शुल्क रू.३७,८१,३३४।- दफा ११९ वमोजिम सोको लाग्ने ब्याज (मिति २०७५ जेष्ठ सम्मको) रू.४४,४३,०६८।- समेत जम्मा रू.१,५७,८७,०७२।- दाखिला गर्न आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम करदाताको नाममा आदेश जारी गर्नुपर्ने ठहर्छ, साथै, अग्रिम कर माग गर्नुपर्ने रकमको बुँदा नं. २ र ३ का सम्बन्धमा करदाताले कुनै जवाफ नदिई कार्यालयको निर्णय नै स्वीकार गरेको पाइएकोले सो सम्बन्धमा मिति

२०७५।०२।०८ मा माग भएको अग्रिम कर रकमको सूचना अनुसार नै अग्रिम कर माग गर्नुपर्ने ठहर्छ। अतः कार्यालयबाट मिति २०७५।०२।०८ मा माग गरिएको अग्रिम कर रकम रू.१,७४,६८,१८३।-आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम अग्रिम कर दाखिला गर्न करदातालाई आदेशको सूचना दिने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०२।३१ मा भएको निर्णय।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०२।३१ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको अग्रिम कर कट्टीको आदेशमा चित्त नबुझी करदाता एनसेल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०३।३१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०२।३१ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको अग्रिम कर कट्टीको आदेशमा चित्त नबुझी एनसेल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०३।३१ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम ६० दिनभित्र निर्णय गरि सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको दफा ११५(९) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा मिति २०७५।०७।१३ मा पुनरावेदन दर्ता गरेको। उक्त पुनरावेदन पत्रमा दूरसञ्चार सेवा प्रदान गर्नको लागि भू-उपग्रह उपयोग गरे वापत तिरेको लिज भुक्तानीलाई के कुन आधारमा रोयल्टी नामाकरण गरी करको दायरा बढाउन खोजिएको हो। भू-उपग्रह प्रयोग गरे बापत रोयल्टी होइन भाडा रकम भुक्तानी गरिन्छ भाडा भुक्तानीमा १०% नै अग्रिम कर लाग्ने हुँदा १५% कायम गरी अग्रीम करकट्टी गरी आयकर ऐन, २०५८ को दफा १२०(क) को शुल्क तथा दफा ११९ को ब्याज समेत हिसाव गरी रु.७५,६२,६७०।- माग गर्नु पर्ने भनी ठूला करदाता कार्यालयबाट मिति २०७५।०२।३१ मा भएको संशोधित कर निर्धारण आदेश कानूनसम्मत नभएकोले बदर गरीपाँउ भन्नेसमेत वेहोराको जिकिर लिएको ।

७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५।११।०९ मा भएको आदेश।

८. यसमा पुनरावेदक करदाताले राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९(१)(क) बमोजिम राख्नु पर्ने विवादित कर रकम रू.१,५७,८७,०७२।- को पचास प्रतिशत रकम धरौटी नराखी पुनरावेदन पत्र दर्ता गरेको देखिँदा यो आदेश भएको १५ दिन भित्र धरौटी रकम दाखिला गर्न लगाई लगाउका मुद्दाहरू समेत साथै राखी

नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०५।२० मा भएको आदेश।

९. यस न्यायाधिकरणको मिति २०७९।०५।२० को आदेशानुसारको मिति २०७९।०५।२८ मा धरौटी रकम जम्मा गरेको भनी भौचरको प्रतिलिपि सहित पेश भएको निवेदनपत्र।

ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एनसेल प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शरद प्रसाद कोइराला र श्री महेश कुमार थापा तथा विद्वान अधिवक्ताहरू श्री कैलाश न्यौपाने, श्री निरज श्रेष्ठ, श्री मञ्जु बुढाथोकी र श्री सविन शम्शेर ज.ब.राणाले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर माग गर्ने आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री प्रकाश ज्ञवालीले शुरु कार्यालयबाट भएको अग्रिम कर माग गर्ने गरी भएको आदेश कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको मिति २०७५।०२।३१ को अग्रिम कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. अब पुनरावेदन जिकिर तर्फ विचार गर्दा, भू-उपग्रह प्रयोग गरे बापत रोयल्टी होइन भाडा रकम भुक्तानी गरिन्छ। भाडा भुक्तानीमा १०% नै अग्रिम कर लाग्ने हुँदा १५% कायम गरी अग्रीम करकट्टी गरी आयकर ऐन, २०५८ को दफा १२०(क)को शुल्क तथा दफा ११९ को ब्याज समेत निर्धारण गरेको कार्य त्रुटीपूर्ण हुँदा बदर गरीपाँउ भन्ने पुनरावेदन जिकिर रहेको देखियो।पुनरावेदक करदाताले भू-उपग्रह प्रयोग गरेवापतको भाडा हो भनेतापनि सो अमूर्त सम्पत्ति रहेको देखिन्छ। एकै ठाउमा स्थापना गरि भाडा तिरेको भनी जिकिर लिएतापनि उक्त सेवा भू-उपग्रह मार्फत अन्तराष्ट्रिय रूपमा प्रदान गरिने सेवा हो भन्ने देखिन्छ।करदाता स्वयंले नेपाल वाहिरवाट सेवा प्राप्त गरेको भनी रिभर्स मूल्य अभिबृद्धि कर दाखिल गरिसकेको तथ्य स्थापित देखियो। आयकर ऐनको दफा २(कक) मा "**रोयल्टी भन्नाले अमूर्त सम्पत्तिको पट्टा अन्तर्गत गरिएको कुनै भुक्तानी सम्झनुपर्छ**" र सो शब्दले देहायका उद्देश्यको लागि गरिने कुनै भुक्तानी समेतलाई जनाउँछ भन्ने परिभाषा गर्दै उपखण्ड (३) को

अन्तमा "वैज्ञानिक अनुभव प्रयोग गर्ने वा प्रदान गर्ने" वाक्यांश समेत उल्लेख भएको देखियो। करदाताले जिकिर लिएको Sattellite Segment केवल कुनै ठाँउमा कुनै वस्तु राखी त्यसले ओगटेको स्थानको भाडा मात्र नभइ भु-उपग्रहको प्रयोजन वैज्ञानिक अनुभवसंग सम्बन्धित रहेको र अन्तर्राष्ट्रिय आविष्कारवाट जडित उक्त वैज्ञानिक अनुभव सम्वन्धी सेवा करदाताले प्रयोग गरेकोले करदाताको जिकिरसंग सहमत हुन सकिएन। त्यसैले विदेशी सेवा प्राप्त गरे वापत प्रदान गरिएको भुक्तानी हुँदा करदाताले विदेशी सेवा प्राप्त गरेवापत भुक्तानी गरेको रोयल्टीमा १५ प्रतिशतका दरले नै कर गणना गरी भुक्तानी गर्नुपर्ने देखिन आयो। तसर्थ दाखिला गर्न वांकी अग्रिम कर रकम रू. १५,१२,५३,३८२।- मा दफा ११९ वमोजिम सोको लाग्ने व्याजसमेत दाखिला गर्न आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम करदाताको नाममा आदेश जारी गर्नुपर्ने ठहऱ्याई मिति २०७५।०२।३१ मा भएको ठूला करदाता कार्यालय ललितपुरको निर्णय कानून सम्मत नै देखिन आयो।

१३. जहाँसम्म करदातालाई उक्त अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी लिएको जिकिर छ, त्यसतर्फ हेर्दा आयकर ऐन, २०५८ को दफा १२० मा "**कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ**" भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा "**जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत**" भन्ने कानूनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० वमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको र उक्त ऐन मिति २०७७।०४।०१ बाट प्रारम्भ भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानूनी व्यवस्था हुनु भन्दा अघिको आ.व. २०७०/०७१ को हकमा मिति २०७५।०२।३१ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानूनको पश्चातदर्शी असर (Retrospective Effect) पर्ने गरी प्रयोग गरेको त्रुटी विद्यमान देखिँदा उक्त दफा १२०(क) बमोजिम पचास प्रतिशत शुल्क लगाएको हद सम्म शुरु निर्णय न्यायोचित देखिएन।

१४. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता एनसेल प्रा.लि. (स्थायी लेखा नं. ३००३२५६९४) को आ.व. २०७०/०७१ को आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम अग्रिम कर माग गर्दा सोही ऐनको दफा

१२०(क) वमोजिम शुल्क समेत गणना गरेको हदसम्म ठूला करदाता कार्यालय ललितपुरको मिति २०७५।०२।३१ को निर्णय मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। करदाताको अन्य पुनरावेदन जिकीर पुग्न सक्दैन।अरूमा तपसिल बमोजिम गर्नू।

तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए वमोजिम पुनरावेदक करदाता एनसेल प्रा.लि. (स्थायी लेखा नं. ३००३२५६९४) को आ.व. २०७०/०७१ को अग्रिम करको रकममा आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) बमोजिम शुल्क लगाएको हदसम्म ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०२।३१ को निर्णय केही उल्टी हुने ठहरी फैसला भएकोले सो वापतको रकम हिसाव गरी करदाताको अर्को आ.व.को हिसावमा मिलान गरिदिनु भनी शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।
२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- २०७९।११।१६।३
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप